जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ५६ २०७९ साल असोज ६ गते बिहीबार (22 Sep 2022 Thursday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : संविधान र लोकतन्त्रमाथि पुनः... ३ पृष्ठमा : मधेसवादी नेता भन्नुहुन्छ : विधेयक ... ३ पृष्ठमामुशेपलाई कोभिडको.

# भन्सार काटेको सामान पनि घुमुवा प्रहरीले जफत गरेको आरोप



**दैनिक समाचारदाता**
**राजविराज, ५ असोज ।**

भन्सार कटाउँदा पनि प्रहरीले सामान खोसेर दुःख दिने गरेको एक महिलाले पत्रकार सम्मेलन मार्फत गुनासो गरेकी छिन् ।

राजविराज ७ की ४३ वर्षिया व्यवसायी सोनी खातुनले पत्रकार महासंघको सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गरी यस्तो गुनासो पोखेकी हुन् ।

उनी राजविराजमा फुटफाटमा कपडा पसल संचालन गर्दै आएकी छिन् । आफु सीमावर्ती भारतीय बजार कुनौलीबाट कपडा खरीद गरि ल्याएको कपडाको भन्सार काटिसक्दा पनि पटक/पटक त्यस क्षेत्रमा खटिएका घुमुवा प्रहरी जवान भाग्य नारायण साहले खोस्ने गरेको उनले रुदै सुनाईन ।

भन्सार काटीसकेको पुर्जा देखाउँदै उनले भनिन, "पुर्जा देखाउदा पनि घुमुवा प्रहरीले समान खोसेर लैजाने गरेका छन ।"

घुमुवा प्रहरी साहले आफुलाई भन्सार नकाट बरु महिनावारी मिलाउ सहज र सस्तो हुने प्रलोभन दिने गरेको र नमान्दा अनावश्यक दुःख दिन थालेको उनको गुनासो छ ।

पछिल्लो पटक भारतीय बजार कुनौलीबाट १ लाख भन्दा बढीको साडी ल्याएर भन्सार कार्यालयको गेट मै पुगी भन्सार काट्न तयार पारेको अवस्थामा ती साडी घुमुवा प्रहरी साहले खोसेर लगेको उनले सुनाईन ।

यता प्रहरी जवान साहले आफू ती महिलासँग चिनजान नभएको तर, भन्सार छलेर ल्याएको साडी जफत गरेको स्वीकार गरेका छन् । उनले आफूलाई नियतपूर्ण तरिकाले महिलाले बदनाम गर्न खोजेको स्पष्ट पार्दै कर छलेको सामानहरु जिल्ला प्रहरी कार्यालयमा बुझाएको जानकारी दिए ।

*बाँकी अन्तिम पृष्ठमा*

# राष्ट्रपति बिरुद्ध लोसपाको प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, ५ असोज ।**

संघीय संसद्का दुवै सदन प्रतिनिधिसभा र राष्ट्रियसभाले दुईपटक पारित गरेको नेपाल नागरिकता ऐन, २०६३ लाई राष्ट्रपतिले प्रमाणिकरण नगरेको भन्दै लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) सप्तरीले बुधबार राजविराजमा बिरोध प्रदर्शन गरेको छ ।

लोसपा सप्तरीको पार्टी कार्यालयबाट निस्केको प्रदर्शनमा राष्ट्रपति बिरुद्ध चर्को नाराबाजी गर्दै राजिनामा माग गरिएको थियो ।

बिरोध प्रदर्शन नगरक्षेत्रको परिक्रमा गरि दशन चौकमा पुगेर राष्ट्रपतिको पुतला दशन गर्न खोज्दा केही बेर लासेपा नेता कार्यकर्ता र प्रहरीबीच घम्साधम्सी परेको थियो ।

लोसपाका जिल्ला उपाध्यक्ष बौवालाल शर्माको अध्यक्षतमा आयोजित सभामा केन्द्रिय नेता दिपेन्द्र चौधरी, राजविराज नगरपालिकाका पूर्वप्रमुख शम्भुप्रसाद यादव, उपाध्यक्ष राजेन्द्र प्रसाद दास, जिल्ला सचिव बिजय राय, सहसचिवद्वय जयनारायण यादव, रन्जु साह, कोषाध्यक्ष मनोज झा, महेन्द्र खंग लगायतका नेताहरुले दुबै संसदबाट बहुमतले पारित नागरिकता विधेयक राष्ट्रपतिले प्रमाणिकरण नगरेर मधेशी जनतामाथी कुठाराघात गरेको आरोप लगाएका छन् ।

# महासंघको ध्यानाकर्षण

काठमाडौं, ५ असोज (रासस) ।

नेपाल पत्रकार महासङ्घले मुलुकको संविधानको सबैले अक्षरशः पालना गर्नुपर्ने बताएको छ ।

महासङ्घले संविधानले निर्दिष्ट गरेको सीमा र मर्यादाभित्र रही सबै पक्षले संवैधानिक व्यवस्थाको पालना गर्नुपर्नेमा जोड दिएको हो ।

महासङ्घका महासचिव रोशन पुरीद्वारा बुधबार जारी विज्ञप्तिमा संविधानको मर्म र भावनाको उच्च कदर गर्दै संवैधानिक सर्वोच्चता कायम गर्ने विषयमा महासङ्घ सधैं क्रियाशील रहँदै आएको उल्लेख गरिएको छ ।

## भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

### पर्यटन स्थलप्रति स्थानिय निकाय उदासिन

सप्तरीका पर्यटन स्थलहरुप्रति स्थानिय निकायले पूर्ण रुपले उदासिनता देखाएका छन् । मधेश प्रदेश अन्तरगत आन्तरिक पर्यटन स्थलहरु सप्तरीमा एक दर्जन जति छन् । तर, ती स्थलहरु उचित सम्बर्द्धन र विकासको अभावमा बाझो परेका छन् । नेपालको प्रख्यात पर्यटकीय स्थलहरुमा मात्र नेपाल सरकार तथा स्थानिय निकायको ध्यान पुगेको छ । स्थानिय स्तरका पर्यटकीय स्थलहरुमा तीनै निकायको ध्यान पुग्न सकेको छैन् । मधेशका जिल्लाहरुमा पनि मनमोहक पर्यटकीय स्थलहरु छन् ।

स्थानिय निकायले समेत आफ्नो क्षेत्रमा पर्ने मनमोहक पर्यटकीय स्थलप्रति चासो दिएको देखिदैन् । सप्तरीको कुरा गर्ने हो भने शिवशनिधाम, लोहजरा दह, धारापानी, दुधेला खोला, कृष्णासवरण स्थल लगायतका स्थलहरु स्थनिय निकायको हेलचक्राइका कारण अहिलेसम्म ओझेलमा परेका छन् । स्थानिय तहले हालसम्म ती क्षेत्रहरुको सम्बर्द्धन तथा विकासका लागि कुनै बजेट बिनियोजन गरेको देखिदैन । स्थानिय सरकारले भौतिक संरचना निर्माण, मर्मत, गोष्ठी, अन्तरक्रिया लगायतमा बजेट दिएर आफ्नै क्षेत्रका पर्यटकीय स्थलहरुलाई प्राथमिकता दिएको देखिदैन् ।

तसर्थ आफ्नो क्षेत्रमा पर्ने आन्तरिक पर्यटकीय स्थलहरुबारे गम्भिरता पूर्वक चासो देखाउनु आवश्यक छ । ती स्थलहरु बारे ठोस नीति बनाएर अघि बढ्नु जरुरी छ । स्थानिय सरकारले आन्तरिक श्रोत साधनलाई उपयोग गरि पर्यटकीय स्थललाई बढावा दिनु आवश्यक छ । जसले गर्दा आम्दानीको श्रोत पनि बढाउन सकिन्छ । त्यसका लागि स्थानियवासीले नै स्थानिय सरकारलाई दबाब दिनु पनि उत्तिकै आवश्यक छ ।

# संविधान र लोकतन्त्रमाथि पुनः कालो बादल मडारिन लागेको छ : पूर्वराष्ट्रपति डा यादव

जनकपुरधाम, ५ असोज (रासस) ।

पूर्वराष्ट्रपति डा रामवरण यादवले संविधान र लोकतन्त्रमाथि पुनः कालो बादल मडारिन लागेको भन्दै चिन्ता व्यक्त गर्नुभएको छ ।

जनकपुरधामस्थित पुरानो ऐतिहासिक सरस्वती नमूना माध्यमिक विद्यालयको नयाँ भनव शिलान्यास कार्यक्रममा बुधबार बोल्नुहुँदै पूर्वराष्ट्रपति डा यादवले पछिल्लो समय संविधान र लोकतन्त्रमाथि हमला हुने काम भएकाले पुनः मुलुकमा निरङ्कुशता जन्मिने खतरा बढेको बताउनुभयो ।

उहाँले जनता सजग र सचेत नभए पुनः मुलुकमा प्रतिगमन आउन सक्ने उल्लेख गर्नुहुँदै सबै निकाय संविधानको मर्म र भावनाअनुसार अघि बढ्न सकेमात्र संविधानको रक्षा हुने बताउनुभयो ।

दुई/दुई पटक दुवै सदनबाट पारित भएको नागरिकतासम्बन्धी विधेयक फिर्ता गरेर राष्ट्रपतिले संविधान उल्लङ्घन गर्ने काम गरेको टिप्पणी गर्नुहुँदै उहाँले संविधानमा राष्ट्रपतिलाई एक पटक पुनर्विचारका लागि विधेयक फिर्ता गर्न सक्ने अधिकार भए पनि दुई पटक फिर्ता गर्ने अधिकार नभएको जिकिर गर्नुभयो ।

अनधिकृतरूपमा भइरहेको चुरे दोहनका कारण तराई मधेस क्षेत्र मरुभूमि बन्ने अवस्थामा पुग्नै लाग्दासमेत सरकारले चुरे क्षेत्रको संरक्षणमा सरकारको ध्यान पुग्न नसकेको उहाँले गुनासो गर्नुभयो ।

"पहिला तराई क्षेत्र तराई थियो, यहाँ पर्याप्त पानी हुन्थ्यो, धान गहुँ पर्याप्त मात्रामा उत्पादन हुन्थ्यो", पूर्वराष्ट्रपति डा यादवले भन्नुभयो, "तर अहिले तराई मधेसमा पानीको समस्या देखिएको छ, खाद्यान्न बाहिरबाट आयात गर्नुपर्ने अवस्था छ ।" यसको प्रमुख कारण अनधिकृतरूपमा भइरहेको चुरे दोहन र चुरेको विनास भएको उहाँको भनाइ थियो ।

शिक्षाको स्वामित्व समाजले नलिएसम्म शिक्षा क्षेत्रले अपेक्षित परिणाम दिन नसक्ने जिकिर गर्नुहुँदै उहाँले सरकारको मात्र मुख हेरेर नभई शिक्षाको स्वामित्वसँगै निगरानी समाजले लिनुपर्नेमा जोड दिनुभयो । समुदायले शिक्षाको महत्व नबुझेसम्म शिक्षा क्षेत्र अघि बढ्न नसक्ने र बेरोजगारी समस्यासमेत समाधान नहुने उल्लेख गर्नुहुँदै उहाँले समुदायले शिक्षा हाम्रो हो, हामी शिक्षा क्षेत्रलाई अघि बढाउनुपर्छ भन्ने मनोभावना नलिएसम्म शिक्षा क्षेत्रको विकास हुन नसक्ने बताउनुभयो ।

"पहिला पहिला समाजले शिक्षालाई महत्वका साथ लिन्थ्यो, निगरानी गर्दथ्यो त्यसैले त्यतिबेला सरकारी विद्यालयको स्तरमाथि थियो ठूला ठूला विद्वान् उत्पादन गर्दथ्यो", उहाँले भन्नुभयो, "तर अहिले समाजलाई शिक्षासँग कुनै मतलब छैन, निजी विद्यालय थुप्रै खुलेका छन्, सरकारी विद्यालयका शिक्षक राजनीतिमा लागेका छन्, विद्यालयको अवस्था बेहाल छन्, जसका कारण शिक्षा क्षेत्र तहसनहस हुँदै गएको छ । ५ऽ" त्यसैले समुदाय, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि सबैले विद्यालय हाम्रो हो, हामीले बनाउनुपर्छ भन्ने भावना जागृत गर्नुपर्छ उहाँको भनाइ थियो ।

कार्यक्रममा सहरी विकासमन्त्री मेटमणि चौधरीले जनकपुरधामलाई धार्मिक पर्यटकीय क्षेत्र बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो । धार्मिक, सांस्कृति र ऐतिहासिक नगरी जनकपुरधामलाई धार्मिक पर्यटकीय क्षेत्र बनाउन सरकार गम्भीर रहेको उल्लेख गर्नुहुँदै मन्त्री चौधरीले यहाँका पोखरी तथा मठमन्दिरको जीर्णोद्धारलगायतका कार्य भइरहेको जानकारी दिनुभयो ।

जनकपुरधामको मुख्य चुनौतीका रूपमा देखिएको फोहोरमैला व्यवस्थापनका लागि जग्गा उपलब्ध भए सरकारले फोहोरमैला व्यवस्थित गर्न बजेट उपलब्ध गराउने प्रतिबद्धतासमेत उहाँले व्यक्त गर्नुभयो ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहको अध्यक्षतामा आयोजित विद्यालय भवन शिलान्यास कार्यक्रममा सहरी विकास मन्त्रालयका सचिव डा रमेशप्रसाद सिंहले कूल रु १० करोडको लागतमा निर्माण हुन लागेको विद्यालय भवन निर्माण कार्य १५ महिनाभित्र सम्पन्न हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

पुरानो वास्तुकलामा आधारित भई आधुनिक निर्माण सामग्री प्रयोग गरी तयार हुने दुई तल्ले विद्यालय भवन निर्माणका लागि गणपति बाबा निर्माण सेवा प्रालि धुलिखेलले सम्झौता गरेको र आगामी २०८० मङ्सिर ३० गतेभित्र निर्माण सकिने सम्झौता भएको संघीय आयोजना कार्यान्वयन एकाइ जनकपुरधाम धनुषाका प्रमुख प्रदीप खनालले जानकारी दिनुभयो ।

## राजविराज नगरपालिका
## १ नं. वडा कार्यालय
## वडा कार्यालय राजविराज न.पा.बाट जारि भएको सूचना


मिति : २०७९/६/५

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. २ हाल १ बस्ने सिंहेश्वर मोचीले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७९/६/५ गतेमा द.न. ४४५ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस नगरपालिका कार्यालयमा निवेदन दिनहुन आउनु होला । अन्यथा कानुन बमोजिम भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

जि.स.रा.वि.न.पा. वडा न. २ हाल १ बस्ने श्री अधिकलाल मोची नाउ दर्ताको जग्गा

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ४ | ११५ | ०-०-८ |
| सप्तरी | चनौरा पडरीया | ४ | २३४ | ०-०-८ |


राजविराज नगरपालिका
४ नं. वडाको कार्यालय
राजविराज, सप्तरी
२ नं. प्रदेश, नेपाल
पत्र संख्या : २०७९/०८०
च.नं. ६४
मिति २०७९/६/५
विषय : ३५ दिने सुचना
वडा सचिव
राजविराज नगरपालिका
वडा नं. ४


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



# मधेसवादी नेता भन्नुहुन्छ : 'विधेयक प्रमाणित नहुँदा लोकतन्त्र कार्यान्वयनमा चुनौती खडा हुन्छ'

काठमाडौँ, ५ असोज (रासस) ।
जनता समाजवादी पार्टीले संविधानले दिएको समयसीमाभित्र राष्ट्रपतिबाट नागरिकतासम्बन्धी विधेयक प्रमाणीकरण नभएको घटनाले देश, लोकतन्त्र र संविधान कार्यान्वयनमा चुनौती खडा भएको जनाएको छ ।

पार्टी नेता रामसहायप्रसाद यादवले राष्ट्रपतिबाट विधेयक समयमा प्रमाणीकरण नहुँदा लोकतन्त्र, जनताको सार्वभौम सम्पन्न प्रतिनिधिसभा र राष्ट्रियसभाको अपमान एवं अवमूल्यन भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "राष्ट्रपतिले नागरिकता विधेयकलाई मात्र हेर्न हुन्न, दुवै सदनबाट दुई पटक पारित भएर पुनः प्रमाणीकरण पठाइएको विधेयकमा संवैधानिक अधिकार र जिम्मेवारीबाट बाहिर जाने काम भएको छ । नेपाली नागरिकका लाखौँका संख्यामा रहेका सन्तान अनागरिक बन्ने र संवैधानिक हकबाट वञ्चित हुने स्थिति भएको छ ।"

विधेयक प्रमाणीकरण नभएको अवस्थाले संवैधानिक सर्वोच्चता र लोकतान्त्रिक शासन व्यवस्थामा प्रहार भएको उल्लेख गर्दै नेता यादवले भन्नुभयो, "यो घटनाले ठूलो षडयन्त्रको सङ्केत गरेको छ । संविधानभन्दा बाहिर गएर जुनसुकै व्यक्तिले काम गर्नुहुँदैन ।"

लोकतान्त्रिक समाजवादी पार्टीका नेता लक्ष्मणलाल कर्ण देशमा राष्ट्रपति, कार्यपालिका, न्यायपालिका र विधायिकाले नै संविधान नमान्ने स्थितिले लोकतन्त्रलाई सुदृढीकरण गर्न नसक्ने बताउनुभयो । उहाँले भन्नुभयो, "दुवै सदनबाट पारित भई पेश भएको विधेयक प्रमाणीकरण गर्नु राष्ट्रपतिको संवैधानिक बाध्यता हो । प्रमाणीकरण भएन भने विकल्पका रुपमा सरकारले अध्यादेश जारी गर्नुपर्छ । यो घटनालाई गम्भीररुपमा लिनुपर्छ, अन्यथा संविधान कार्यान्वयनमा असर पर्छ ।"

## राष्ट्रपतिबाट फेरि संविधान मिच्ने काम भयो : नेता यादव

हेटौँडा, ५ असोज (रासस) ।
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले दुवै सदनबाट दोस्रो पटक स्वीकृत भई पेश गरिएको नागरिकता विधेयक प्रमाणीकरण नगरेर राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानविपरीत काम गरेको बताउनुभएको छ ।

बुधबार हेटौँडामा जसपा मकवानपुरको कार्यक्रममा सहभागी हुन आउनुभएका नेता यादवले राष्ट्रपतिको कदमले मानवअधिकार खोसिएको बताउनुभयो ।

पूर्वप्रधानमन्त्री र सरकारले पेश गरेको विधेयक अक्षरशः प्रमाणीकरण गर्ने राष्ट्रपतिले जनताको अधिकारसँग जोडिएको विषयमा राजनीतिक प्रतिशोध साँध्नु गलत भएको उहाँको भनाइ थियो । राष्ट्रपति भण्डारीले संविधानलाई नै धरापमा पार्ने खेल खेलेको भन्दै यादवले आफ्नै देशका नागरिकको सन्तानलाई कहिलेसम्म अनागरिक बनाएर राख्न खोजेको भन्दै प्रश्न गर्नुभयो । उहाँले नागरिकता नदिनु भनेको मानवतावादी कानूनको उल्लङ्घन हो भन्नुभयो ।

## ८१ जना संक्रमित

काठमाडौँ, ५ असोज (रासस) ।
देशभर कोरोना भाइरसको संक्रमण ८१ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बुधबार गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा सञ्जयकुमार ठाकुरले तीन हजार चार सय ४७ परीक्षणमध्ये ८१ जना मात्रमा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ ।

बुधबार एक सय ७५ कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई घर फर्किएका छन् । निको हुने प्रतिशत ९८.६ प्रतिशत रहेको छ । सक्रिय संक्रमितको संख्या एक हजार चार सय ८३ पुगेको छन् ।

भक्तपुरमा एक जना, काठमाडौँमा १४ जना गरी उपत्यकामा १५ जनामा संक्रमण पुष्टि भएको छ । पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला काठमाडौँ र दुई सयभन्दा बढी संक्रमित भएको जिल्ला ललितपुर रहेको छ ।

यस्तै होम आइसोलेसनमा एक हजार चार सय २९ जना, संस्थागत आइसोलेसनमा ५४ र सघन उपचार कक्ष (आइसियु)मा १६ जनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा कोरोना भाइरसविरुद्धको खोप कसैले पनि नलगाएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**
पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टंन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेंट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**
पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने
**वा**
**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**
१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५



**राजविराज नगरपालिका**
**४ नं. वडाको कार्यालय**
राजविराज, सप्तरी
२ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
च.नं. ६४
मिति २०७९।६।५

**विषय : ३५ दिने सूचना**

उपरोक्त सम्बन्धमा जि०स०रा०वि०न०पा०वडा नं. २ हाल वडा नं. ४ बस्ने मेरी आमा फातमा अन्सारी [illegible] कालगति ले मिति २०७६।१२।१ गते र बाबु मिति २०७८।३।२६ गते मृत्यु भएको ले निजहरुको शेषपछि हक अपुताली खाने म निवेदक हक मात्र छोरा म० सुलेमान अन्सारी भएकोले मृतक बाबुको नाउँमा दर्ता कायम रहेको फुटकर लगतको प्लोट नं. २७३ को ०-०-७-४ जग्गा म निवेदक छोराको नाउँमा नामसारी गरी पाउन सर्जमिन सहित को सिफारिस रा०वि०न०पा० कार्यालयको गरी पाउन द०नं. ७०को निवेदन स०।वि०न०पा० वडा नं. २ हाल वडा नं. ४ बस्ने म० सुलेमान अन्सारीले दिनु भएको हुँदा निज मृतकको नाउँमा दर्ता रहेको उपरोक्त उल्लेखित जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र स०प्रमाण साथ उपस्थित हुन आउने भनि सूचना प्रकाशित गरि दिन हुन सिफारिस साथ अनुरोध छ ।

ओम प्रकाश [illegible]
वडा सचिव
राजविराज नगरपालिका
वडा नं. ४


# विश्व समाचार

## युरोपलाई कोभिडको नयाँ लहरका लागि तयार रहन आग्रह

दि हेग, ५ असोज (रासस/सिन्ह्वा) ।
युरोपियन मेडिसिन एजेन्सी (इएमए) ले युरोपमा कोभिड-१९ को नयाँ लहर आउनसक्ने भन्दै त्यसका लागि तयार रहन आग्रह गरेको छ । सो एजेन्सीले कोभिड-१९ को महामारी पूर्णरुपमा टरेको नभएर अहिले केही कम मात्र भएको भन्दै युरोपमा अर्को लहर आउन सक्ने भएकाले तयार रहन भनेको हो ।

मङ्गलबार युरोपियन मेडिसिन एजेन्सीले युरोपका देशमा अहिले महामारी कम भएको देखिएको छ भन्दै तर पनि महामारी अहिले घटेको भए पनि यहाँका नागरिकमा यसको प्रकोप भने नघटेको बताएको हो ।

युरोपियन मेडिसिन एजेन्सीका प्रमुख म्याक्रो क्याबलेरीले सो कुरा बताउनुभएको हो । उहाँले भन्नुभएको छ, यहाँका देशहरुमा अहिले कोभिडको सङ्क्रमण घटेको पाइएको छ । युरोपियन देशले आगामी दिनमा यो महामारीको अर्को लहर आउन सक्छ भनेर यसबाट बच्ने उपायको तयारीमा लाग्नुपर्छ ।

उहाँले युरोपमा आगामी शरद ऋतुमा यसको प्रकोप थप बढ्न सक्ने पनि बताउनुभएको छ । उहाँले गएका दुई वर्षदेखि यो ऋतुमा कोभिडको महामारी बढेको पाइएकोले अब आउने सो ऋतुमा पनि महामारीको प्रकोप बढ्न सक्छ भन्ने हिसाबको तयारी गर्नुपर्ने बताउनुभयो । उहाँले पहिलेका वर्षका तुलनामा पछिल्लो समयमा विकासित भएका कोभिडका नयाँ प्रजातिको प्रभाव झन् धेरै देखिएकाले पनि यो प्रकोपबाट हुन सक्ने क्षतितर्फ सचेत रही तयारीका साथ रहन आग्रह गर्नुभएको हो ।

## दक्षिणी पाकिस्तानमा डेङ्गुको प्रकोप बढ्दै २७ को मृत्यु

इस्लामावाद, ५ असोज (रासस/सिन्ह्वा) ।
पाकिस्तानमा डेङ्गु ज्वरोको फैलावट लगातार बढिरहेको छ । यो महिना देशको दक्षिणी प्रान्त सिन्धमा हालसम्म डेङ्गु सङ्क्रमणको कारण २७ जना बिरामीको मृत्यु भएको प्रान्तीय स्वास्थ्य विभागले जनाएको छ । यस सङ्क्रमणको कारण मृत्यु भएका सबै सिन्ध प्रान्तको प्रान्तीय राजधानी अर्थात देशको सबैभन्दा ठूलो सहर कराचीमा भएको बताइएको छ । पछिल्लो २४ घण्टामा सिन्ध प्रान्तमा कुल तीन सय ५३ जना नयाँ सङ्क्रमित भएका विभागले मङ्गलबार साँझ जानकारी दिएको छ ।

सेप्टेम्बरमा बिरामीको सङ्ख्या तीन हजार पाँच सय ९४ पुगेको छ । वर्षभरि कुल बिरामीको सङ्ख्या छ हजार एक ६३ पुगेको छ । उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तमा पछिल्लो २४ घण्टामा दुई सय ८४ लाई डेङ्गु सङ्क्रमण भएको प्रान्तीय स्वास्थ्य विभागले जनाएको छ । यसवर्ष खैबर पख्तुनख्वा प्रान्तमा एक हजार सात सय २९ सक्रिय सङ्क्रमितको सङ्ख्या रहेका छन् । कुल सङ्क्रमितको सङ्ख्या पाँच हजार दुई ६४ पुगेको बताइएको छ । यसबाहेक, पूर्वीपञ्जाब प्रान्तमा पछिल्लो २४ घण्टामा दुई सय १५ सङ्क्रमित भएका प्रान्तीय स्वास्थ्य अधिकारीले मङ्गलबार बिहान जानकारी दिएका छन् ।

पञ्जाबको राजधानी लाहोरमा एक सय पाँच जना सङ्क्रमित भएका छन् । रावलपिंडी सहरमा ५४ जनामा सङ्क्रमण देखिएको छ । यसवर्ष रावलपिंडीमा कुल सङ्क्रमितको सङ्ख्या तीन हजार छ सय ४५ पुगेको छ । यसैबीच २४ घण्टाको समयावधीमा अर्थात मङ्गलबार साँझसम्म पाकिस्तानको विभिन्न भागमा परेको मुसलधारे वर्षापछिको बाढीमा परी कम्तीमा १० को मृत्यु भएको राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडीएमए) ले जानकारी दिएको छ । बाढीसम्बन्धी छुट्टाछुट्टै घटनामा ज्यान गुमाउनेमध्ये चार बालबालिका र दुई महिला रहेका एनडीएमएले मङ्गलबार जनाइएको छ । देशको सबैभन्दा बढी प्रभावित क्षेत्र दक्षिणी सिन्ध प्रान्त नौ जनाको मृत्यु भएको छ । त्यसपछि दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा एक जनाको मृत्यु भएका जनाइएको छ ।

एनडीएमएले मङ्गलबार राति सार्वजनिक गरेको विवरणअनुसार देशका छुट्टाछुट्टै स्थानमा भएका बाढीसम्बन्धी घटनामा एक हजार पाँच सय ६९ जनाको मृत्यु भएको छ । बाढीजन्य भवितव्यमा परी १२ हजार आठ सय ६० जना घाइते भएका छन् । यस प्रकोपले ५० हजार नौ सय ४० घर क्षतिग्रस्त पारेको समाचारमा जनाइएको छ । बाढी प्रभावित क्षेत्रमा प्राधिकरण, अन्य सरकारी संस्था, स्वयंसेवी र गैरसरकारी संस्थाले उद्धार तथा राहत सामग्री वितरणलाई निरन्तरता दिइरहेका छन् ।

## रुसी सैन्य परिचालन 'गलत कदम': जर्मनी

बर्लिन, ५ असोज (रासस/एएफपी) ।
युक्रेनमा रुसको युद्धलाई समर्थन गर्न आंशिक सैन्य परिचालनको लागि राष्ट्रपति भ्लादिमिर पुटिनको आदेश 'खराब र गलत कदम' भएको जर्मन उप-चान्सलर रोबर्ट हबेकले बुधबार भन्नुभएको छ । रुसको आंशिक सैन्य परिचालनले अन्तरराष्ट्रिय कानूनको उल्लङ्घन गर्छ, युद्धलाई अझ बढाउँदैछ, अर्थव्यवस्था मन्त्री पनि रहनुभएका हबेकले ट्विटरमार्फत मन्त्रालयले प्रकाशित एक विज्ञप्तिमा भन्नुभएको छ । यो एक नराम्रो र गलत कदम भएको यस कडा निन्दा गर्ने उहाँले बताउनु भएको छ । जर्मनीले युक्रेनलाई पूर्णसमर्थन गर्न जारी राख्ने पनि उहाँले बताउनुभएको छ ।

# चन्द्र नहर सिँचाइ प्रणालीको पुन:स्थापना सुधार आयोजनाका लागि जापानद्वारा करिब १६ अर्ब सहयोग

काठमाडौँ, ५ असोज (रासस)।

नेपालको पूर्वी तराईस्थित चन्द्र नहर सिँचाइ प्रणालीको पुन:स्थापना सुधार आयोजना कार्यान्वयन गर्न जापान सरकारले करिब रु दुई अर्ब अनुदान सहयोग प्रदान गरेको छ।

यसैगरी काठमाडौँ र पोखराको सहरी प्रसारण तथा वितरण प्रणाली सुधार आयोजना कार्यान्वयन गर्न जापानले रु १४ अर्ब २० करोड ऋण सहयोग प्रदान गरेको छ। वार्षिक शून्य दशमलव शून्य एक प्रतिशत व्याजदर रहेको सो सहुलियतपूर्ण ऋणको भुक्तानी अवधि ३० वर्ष र थप १० वर्ष ग्रेस अवधि हुनेछ।

नेपालकोतर्फबाट अर्थसचिव कृष्णहरि पुष्कर र सहसचिव ईश्वरीप्रसाद अर्याल तथा जापानकोतर्फबाट यहाँस्थित राजदूत किकुता युताका र जाइका नेपालका प्रमुख प्रतिनिधि ओकुबो अकिमित्सुले बुधबार अर्थ मन्त्रालयमा अनुदान तथा ऋण सहयोगसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो।

कार्यक्रममा अर्थसचिव पुष्करले सम्झौताबमोजिमका आयोजना कार्यान्वयनबाट नेपालको सिँचाइ सुविधाको सुधार गर्न तथा विद्युत् आपूर्तिको विश्वसनियता बढाउन तथा प्रसारण चुहावट न्यूनीकरण गर्न महत्वपूर्ण योगदान पुग्नेछ भन्नुभयो। नेपालको सामाजिक-आर्थिक एवं मानवसंशाधन विकासमा जापान सरकारबाट प्राप्त निरन्तर सहयोगको प्रशंसा गर्दै उहाँले दुई देशबीचको लामो र सुमधुर सम्बन्ध तथा विकास साझेदारी अझ नयाँ उचाइमा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

नेपालका लागि जापानी राजदूत युताकाले उपलब्ध सहयोगबाट नेपालको कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न र सहरी क्षेत्रको विद्युत् व्यवस्थापनमा सहयोग धारणा व्यक्त गर्नुभयो। नेपाल र जापानबीचको सम्बन्ध सदियौँदेखि सुमधुर एवं घनिष्ट रहेको चर्चा गर्दै राजदूत युताकाले शिक्षा, स्वास्थ्य, जलविद्युतलगायतका क्षेत्रमा गरिएको सहयोगबाट नेपाली जनताको जीवनस्तर सुधार हुने अपेक्षा व्यक्त गर्नुभयो।

जाइका नेपालका प्रमुख अकिमित्सुले नेपालको कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन, ऊर्जालगायतका क्षेत्रमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरी नेपाली जनताको आर्थिक तथा सामाजिक जीवनस्तर उकास्न सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# जसपाका नेता अमरनाथ यादव जनमत पार्टीमा प्रवेश



**दैनिक समाचारदाता राजविराज, ५ असोज।**

जनता समाजवादी पार्टी (जसपा) का नेता अमरनाथ यादव जनमत पार्टीमा प्रवेश गरेका छन्।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ स्थित पत्थरगाढा चौकमा आयोजित क्षेत्रीय आमसभा तथा बृहत पार्टी प्रवेश कार्यक्रममा जसपा परित्याग गरि नेता यादवसहित सयौं नेता कार्यकर्ताहरु जनमत पार्टीमा प्रवेश गरेका हुन।

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा .सीके राउतले नवप्रवेशीहरुलाई फुलमाला लगाएर पार्टीमा स्वागत गरेका थिए।

अध्यक्ष डा.राउतको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा जनमत पार्टी केन्द्रीय सदस्य सुरेन्द्र शर्मा, मदनेश चौधरी, पार्टीका नेता सुर्यदेव यादव, जनमत पार्टी सप्तरीकी इन्चार्ज ममता देवी झा, पार्टीका युवा नेता शम्भु यादव, बलान बिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादवलगाइतका पार्टीका नेता कार्यकर्ताहरुको उपस्तिथी रहेको थियो।

### *भन्सार काटेको...*

यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले घटना बारे अनुसन्धान गरिरहेको र सत्यतथ्य बुझेर दोषिमाथी कारवाही गर्ने प्रतिक्रिया दिएका छन्।

# दोस्रोपटक पनि प्रमाणीकरण भएन नागरिकता विधेयक

काठमाडौँ, ५ असोज (रासस)।

सङ्घीय संसद्का दुवै सदन (प्रतिनिधिसभा र राष्ट्रियसभा)ले दुईपटक पारित गरेको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक निर्धारित समयभित्र प्रमाणीकरण हुन सकेन।

सभामुख अग्निप्रसाद सापकोटाले पछिल्लोपटक उक्त विधेयक गत भदौ २० गते प्रमाणित गरी राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष प्रमाणीकरणका लागि पठाउनुभएको थियो। नेपालको संविधानअनुसार राष्ट्रपतिले प्रमाणीकरण गरिसक्नुपर्ने १५ दिनको समयावधि मङ्गलबार राति १२ बजे समाप्त भएको छ।

मङ्गलबार राति १२ बजेसम्म उक्त विधेयक प्रमाणीकरण नभएको राष्ट्रपतिका प्रमुख स्वकीयसचिव भेषराज अधिकारीले राससलाई जानकारी दिनुभयो। नेपालको संविधानको धारा ११३ को उपधारा (४) मा एउटै विधेयक दोस्रोपटक प्रमाणीकरणका लागि पुगेपछि राष्ट्रपतिले अनिवार्य प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ।

यसअघि दुवै सदनले पहिलोपटक गत साउन १६ गते उक्त विधेयक पारित गरी राष्ट्रपति भण्डारीसमक्ष प्रमाणीकरणका लागि पठाइएको थियो। राष्ट्रपतिले संविधानबमोजिम सङ्घीय संसद्बाट पुन:विचार हुन आवश्यक देखिएको उल्लेख गर्नुहुँदै आठ बुँदासहित साउन २९ गते संसद्मा फिर्ता पठाउनुभएको थियो। त्यसपछि संसदका दुवै सदनले दोस्रोपटक पनि विधेयकलाई जस्ताको तस्तै पारित गरेको थियो।

संविधानको धारा ११३ को उपधारा (४) मा राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुन:विचार गरी त्यस्तो विधेयक प्रस्तुतरूपमा वा संशोधनसहित पारित गरी पुन: पेश गरेमा त्यसरी पेश भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ।

यसरी संविधानअनुसार विधेयक दोस्रोपटक पनि प्रमाणीकरण हुन सकेन भने अर्कातर्फ प्रतिनिधिसभाको चालु अधिवेशन पनि समाप्त भइसकेकाले अब सो विधेयक के हुन्छ भन्ने विषयमा आम नागरिकको चासो बढेको छ।

# नागरिकता विधेयक प्रमाणीकरण नभएकोमा सत्तारुढ दलको असन्तुष्टि

काठमाडौँ, ५ असोज (रासस)।

प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पुन:पारित भई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेश भएको नागरिकता विधेयक संविधानले सुनिश्चित गरेको समयभित्र राष्ट्रपतिद्वारा प्रमाणीकरण नभएकामा सत्तारुढ दलले असन्तुष्टि व्यक्त गरेका छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार बसेको सत्ता साझेदार चार दलको बैठकले सो असन्तुष्टि व्यक्त गरेको हो। बैठकपछि चार दलद्वारा जारी संयुक्त विज्ञप्तिमा राष्ट्रपतिबाट संविधानको पालना र संरक्षण हुन नसकेको भन्दै सो असन्तुष्टि व्यक्त गरिएको हो।

"राष्ट्रपतिको यो कदमबाट नागरिकता प्राप्त गरिसकेका नेपाली आमाबाबुका सन्तानले नेपाली नागरिकता प्राप्त गर्ने संवैधानिक हकबाट बञ्चित भएका छन् र जनतामा निहित सार्वभौमसत्ता, संवैधानिक सर्वोच्चता र लोकतान्त्रिक शासन व्यवस्थाका आधारभूत मूल्य मान्यतामा प्रहार हुन पुगेको छ", बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ।

विज्ञप्तिमा प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, पूर्वउपप्रधानमन्त्री एवं जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले हस्ताक्षर गर्नुभएको छ।

# संविधानको दायरा बाहिर जाने छुट कसैलाई छैन : उपराष्ट्रपति

काठमाडौँ, ५ असोज (रासस)।

उपराष्ट्रपति नन्दबहादुर पुनले संविधानको पालन र संरक्षणको जिम्मेवारीमा रहेकालाई संविधानको दायराभन्दा बाहिर जाने छुट छैन भन्नुभएको छ।

उहाँले बुधबार वक्तव्य जारी गर्दै संविधानको पालन र संरक्षणका लागि सबै पक्षमा आग्रह गर्नुभएको हो।

"पछिल्ला दिनमा विकसित घटनाक्रमले संविधानको प्रमुख पालक र संरक्षकबाट नै सचेततापूर्वक संविधानको पालन र संरक्षण हुन नसकेको भनी जनआवाज उठिरहेका छन्। यो आवाज उठ्ने परिस्थितिको सिर्जना हुनु दु:खद् हो", उपराष्ट्रपति पुनले भन्नुभएको छ, "संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हो। संविधानबमोजिम सबैबाट आ-आफ्नो कर्तव्य पालना गर्नुका साथै संविधानको पालन र संरक्षण हुनुपर्दछ।"

सार्वभौम संविधानसभाबाट नेपालको संविधान २०७२ जारी भएको अवसरमा यही असोज ३ गते संविधान दिवस हर्षोल्लासका साथ मनाइएको जनाउँदै उहाँले संविधान दिवसका अवसरमा सबैले संविधानको पालन र संरक्षण गर्ने भनी दोहोर्‍याएको प्रतिबद्धताको स्मरण पनि सो वक्तव्यमा गर्नुभएको छ।

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*